भूमे गाउँपालिका

गाउँसभा बैठकमा

गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरज्यूद्धारा प्रस्तुत

आर्थिक वर्ष २०७७/०७८ को

# नीति तथा कार्यक्रम

भूमे गाउँपालिका

खाबाङबगर, रुकुम (पूर्वी भाग)

९ आषाढ २०७७

**गाउँपालिका उपाध्यक्षज्यू,**

**भूमे गाउँपालिका गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु,**

**र रेडियो सुनेर बस्नुभएका आम भूमे गाउँपालिकाबासीहरु,**

१. नेपालको संविधान बमोजिम गठित स्थानीय तहको रुपमा रहेको स्थानीय सरकारको तर्फबाट यस गरिमामय गाउँसभामा स्थानीय सरकार प्रमुखको हैसियतले चौथो पटक नीति तथा कार्यक्रमको रुपमा भूमे गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा एकातिर हर्षित र गौरवान्वित महसुस गरेको छु भने अर्कोतिर सम्पूर्ण विश्व नै कोरोना भाइरस (कोभिड १९) महामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा आम मानिसहरुको स्वास्थ्यप्रति गम्भिर छु।

२. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक–पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, माओवादी जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान वीर शहीद, घाइते, अपाङ्गहरुको त्याग र बलिदान तथा अग्रजहरुको योगदानको उच्च सम्मान प्रकट गर्दछु।

३. यसै गाउँसभा बैठक आयोजना गर्दै गर्दा स्थानीय तहको निर्वाचन, २०७४ मा नेपाली काँग्रेस पार्टीकोतर्फबाट वडा नं. ४ को दलित महिला सदस्य पदमा निर्वाचित भूमे गाउँपालिका गाउँसभा सदस्य श्री धनसरी कामीलाई दूर्घटनाबाट गुमाएका छौं। जनप्रतिनिधिको हैसियतले कर्तव्य पालना र पालिकालाई उहाँले पुऱ्याउनुभएको

योगदानको उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, शोकाकूल परिवारजनमा धैर्यधारणको कामना पनि यसै सभामार्फत गर्दछु।

४. हाल विश्वभर कोरोना भाइरस (कोभिड १९) का कारण लाखौं मानिसको ज्यान गइसकेको छ भने अरु लाखौ मानिसहरु संक्रमित छन् र यो क्रम निरन्तर चलिरहेकै छ। यो महामारीबाट नेपाल र नेपालबाहिर जीवन गुमाउनु हुने सबैप्रति श्रद्धञ्जली र शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। उपचाररत सबैलाई स्वास्थ्यलाभको कामना गर्दछु। साथै, आम गाउँपालिकाबासीमा सजगता अपनाई सङ्क्रमणबाट जोगिई सुरक्षित हुन कामनासँगै अनुरोध पनि गर्दछु। यस रोगको विरुद्धको लडाईमा अग्रपङ्क्तिमा खटिनुभएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, अगुवा, बुद्धिजिवी र आम समुदायप्रति मेरो उच्च सम्मान छ।

५. कोभिड-१९ का कारण आम जनजीवन प्रभावित हुनुका साथै पालिकाको सार्वजनिक सेवा प्रवाह, विकास निर्माण कार्य र नियमित रुपमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुमा प्रत्यक्ष रुपमा नकारात्मक असर पुगेको छ। बन्दाबन्दी र असहज जनजीवनले श्रम बजार, कृषि, साना उद्योग लगायतका क्षेत्रमा उत्पादन, आपूर्ति र वितरण प्रणालीमा गम्भीर प्रभाव परेको छ। जसका कारण आगामी दिन थप चुनौति उत्पन्न हुने र त्यसको सामनाका लागि थप तयारी गर्नुपर्ने देखिन्छ। महामारी रोकथाम तथा नियन्त्रणका लागि संघ सरकार र प्रदेश सरकार तथा अन्य क्षेत्रहरुबाट समेत कोभिड-१९ नियन्त्रणका लागि सहयोग प्राप्त भएको छ।

६. गाउँपालिकाले यस महामारी रोकथाम तथा नियन्त्रणका लागि साविकको प्रकोप व्यवस्थापन कोष खातामा आवश्यक स्रोत जुटाई सक्दो कार्य सम्पादन गरिरहेको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउँदछु। उक्त कोष योगदान पुऱ्याउनु

हुने सबै प्रति आभार प्रकट गर्दछु। कोभिड १९ विरुद्धको लडाईमा अग्रभागमा रहेर अहोरात्र खट्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि र कर्मचारीहरुलाई धन्यवाद छ। यो महामारी नियन्त्रण र रोकथामका लागि गरिएको अपिललाई इमान्दारितापूर्वक पालना गरी सक्रियतापूर्वक सहयोग गर्नुहुने आम गाउँपालिकाबासी, प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने राजनीतिक दल, संघसंस्था, निजी क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संघसंस्था, सञ्चार जगत सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। कोभिड १९ नियन्त्रणमा आइ नसकेकाले आगामी दिनमा पनि यी र यस्ता कठिन परिस्थिति र महामारी विरुद्धको लडाईमा यस्तै सहयोगको अपेक्षा गर्दछु।

७. कठिन परिस्थितिका बीचमा आम गाउँपालिकाबासीको मानव अधिकारको रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासमार्फत जनजीवन सहज गराउने कार्यमा गाउँपालिका प्रतिवद्ध छ। आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई सुरक्षित र सचेत एवं समुन्नत र सुसंस्कृत समाज निर्माण गर्न गाउँपालिका दृढ छ।

८. कोभिड-१९ का कारण जनजीवन प्रभावित हुनुका साथै गाउँपालिकाका समग्र क्षेत्र प्रभावित भएका छन्। यसको रोकथाम र नियन्त्रणका लागि सूचना तथा जानकारीहरुलाई नियमित अद्यावधिक गरी पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रतिकार्य योजना बमोजिम आवश्यक क्वारेन्टाइनहरुको क्षमता वृद्धि, आइसोलेसन केन्द्र निर्माण, स्वास्थ्य सुरक्षा सामाग्री, आवश्यक औषधी तथा अन्य सामाग्रीको पूर्ण उपलब्धतामा जोड दिइएको छ।

९. जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले नेपालको संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण र हामीले अपनाएको परिपूर्ण लोकतन्त्र बमोजिम

जनआकांक्षा र आवश्यकतालाई सम्बोधन तथा लोकतन्त्रका लाभहरु वितरण गर्न भूमे गाउँपालिका जिम्मेवार र प्रतिवद्ध छ।

१०. भूमे गाउँपालिकालाई नेपालका सबै स्थानीय तहहरुमध्येको विशेष र उदाहरणीय स्थानीय तहको रुपमा परिचित गराउनु हाम्रो जिम्मेवारी र चुनौति हामी बीचमा छ। गाउँपालिकाको समृद्धि र समुन्नतिका लागि एकीकृत गुरुयोजनाले निर्दिष्ट गरेको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्य प्राप्तिमा स्थानीय सरकार प्रतिवद्ध र केन्द्रित छ।

११. सीमित स्रोत र जनशक्ति उपलब्धताका वाबजुद पनि सन्तोषजनक कार्यसम्पादन भइरहेको छ। गुणस्तरीय सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण, सचेत समाज निर्माण, विकासको छनौट, कार्यान्वयन र वितरण लगायत हरेक तहमा हरेकको अर्थपूर्ण सहभागिता र सुशासन प्रवर्द्धनमा यो पालिका प्रतिवद्ध छ।

१२. स्थानीय सरकारको स्थापना पश्चात संघात्मक शासन व्यवस्था मार्फत नेपालको संविधानले परिकल्पना गरेको **गाउँ गाउँमा सिंहदरबार**को अवधारणालाई मूर्तरुप दिने चुनौति र अवसर हाम्रो काँधमा आएसँगै स्थानीय सरकारको हैसियतमा स्थानीय शासन सञ्चालन र व्यवस्थापनको तीन वर्षको अनुभव प्राप्त भएको छ। अन्यौलताको यो छोटो अवधिमा पनि संविधान प्रदत्त अधिकारक्षेत्रको प्रयोग गर्दै नेपाल सरकारले लिएको **सुखी नेपाली समृद्ध नेपाल** नारा र प्रदेश सरकारले लिएको **समृद्ध प्रदेश, खुशी जनता** नारालाई सार्थक बनाउन तथा स्थानीय सरकारकोतर्फबाट समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्न महत्वकाङ्क्षी र दूरगामी लक्ष्यसहितको योजनाको सुरूवात भई कार्यान्वयनको दिशातर्फ अग्रसर छौं।

१३. यो अवधिमा आर्थिक, सामाजिक, पूर्वाधार तथा संस्थागत संरचना निर्माणमा क्षेत्रगत रुपमा आधार तय भएका छन्। डिजिटल प्रोफाइल तयार भई डिजिटल कार्यालयको

सुरुवात गरिएको छ। विविध क्षेत्रगत योजना र उपलब्धिका साथै विगत वर्षहरुको तुलनामा चालु आर्थिक वर्षमा समग्र क्षेत्रमा सकारात्मक ढङ्गले अघि बढिरहेको अवस्थामा कोभिड-१९ नामक विश्वव्यापी महामारीको चपेटामा पर्दा समग्र वार्षिक प्रगति अपेक्षाकृत नहुने संकेत देखिएको छ। यस महामारीले हामी सामू समस्याका साथै सिकाई र अवसर पनि सृजना गरेको छ। विगतको अनुभव र सिकाई, वर्तमानको आधार र उत्प्रेरणाले भविष्य सुनौलो बनाउन सहयोगी हुने विश्वास मैले लिएको छु।

**उपस्थित सभाका सदस्यज्यूहरु एवं आम गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

*अब म नेपाल सरकारको राष्ट्रिय आकांक्षा, प्रदेश सरकारको दीर्घकालीन सोंच, दिगो विकासका लक्ष्यका साथै गाउँपालिकाको सोंच र वर्तमान परिस्थितिलाई ध्यानमा राखी आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु।*

१४. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ बाट पालिकालाई सुरक्षित राख्न विशेष सजगता अपनाई क्वारेन्टाइन निर्माण, आइसोलेसन केन्द्र निर्माण, औषधी, उपकरण, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालन गरी आम गाउँपालिकाबासीको जीउधनको सुरक्षामा विशेष जोड दिइनेछ। यसका लागि कोभिड-१९ नियन्त्रण कार्य योजना पुनरावलोकन र पुनःप्राथमिकीकरण गरी संस्थागत प्रणाली थप सुदृढिकरणका साथै योजनावद्ध तरिकाले कार्यान्वयन गरिनेछ।

१५. कोभिड-१९ का कारण प्रभावित श्रम बजार र उत्पादनलाई जोड दिन श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवं आय आर्जनसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१६. भारत तथा अन्य वैदेशिक मुलुकबाट फर्किएका यूवाहरुलाई लक्षित गरी रोजगार कार्यक्रम ल्याइनेछ। गाउँपालिकाबाट सञ्चालन हुने विकास निर्माणका आयोजनाहरुमा अधिकतम् स्थानीय श्रम र सीपमा जोड दिइनेछ। शिक्षा, स्वास्थ्य, कृषि लगायतका कोभिड-१९ ले प्रभावित क्षेत्र लक्षित क्षेत्रगत कार्यक्रम ल्याइनेछ।

१७. कोभिड-१९ र प्राकृतिक प्रकोपका कारण राहत, उद्दार तथा जोखिम न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोप व्यवस्थापन कोषलाई वृद्धि गरिनेछ। खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामाग्री सहित तयारी अवस्थामा राखिनुका साथै विपद् व्यवस्थापन सूचना केन्द्रको रुपमा स्थानीय आपतकालीन केन्द्रलाई सुदृढ गरी सञ्चालन गरिनेछ।

१८. गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई जस्ता आधारभूत सेवामा सबैको समतामूलक पहुँच हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ। संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धि नीतिलाई स्थानीयकरण गर्दै क्षयरोग नियन्त्रण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, महमारी रोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य शिक्षा तथा सूचना, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम जस्ता निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

१९. आम नागरिकको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँचको अधिकारको सुनिश्चितताका लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

२०. ग्रामीण क्षेत्रमा लुप्त रोगहरुको पहिचान र निदानका लागि विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन र स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। स्वास्थ्य संस्थाहरुको सुदृढीकरणका लागि सर्जिकल सामाग्री, औषधी तथा पूर्वाधारको आवश्यक व्यवस्थाका साथै स्वास्थ्यकर्मीहरुको दक्षताका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२१. पोषण प्रवर्द्धन तथा संस्थागत सुत्केरी सेवालाई थप प्रभावकारी बनाउन पोषण झोला कार्यक्रमलाई निरन्तरता दिइनेछ। संस्थागत सुत्केरी सेवामा सुविधा विस्तार गरी प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा सुत्केरी भान्छा घर निर्माण गरिनेछ।

२२. नेपाल सरकारको विशेष अनुदानमा नमूना पोषण टोलका लागि सघन पोषण कार्यक्रम, पोषण आत्मनिर्भरताका लागि घरघरमा करेसाबारी निर्माण अनुदान, हरेक घर दश फलफूल विरुवा रोपन कार्यक्रम सञ्चालन गरिनेछ।

२३. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँचका लागि पालिका अस्पताल स्थापना गरी दीर्घ रोग तथा अन्य रोग निदान, ल्याब सेवा, एक्स-रे सेवा लगायतका सेवाको सुनिश्चित गरिनेछ।

२४. स्वास्थ्य संस्थाहरुमार्फत प्रवाह हुने सेवाहरुलाई सबैको सहज पहुँच, अधिकतम जानकारी र अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कनलाई जोड दिइनेछ। महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन गरिनेछ।

२५. गाउँपालिकालाई पूर्ण खोपयुक्त, मातृ तथा शिशु मृत्युदरलाई शून्यमा झार्न विभिन्न निकायहरुसँगको सहकारीमा कार्यक्रमहरु सञ्चालन गरिनेछ। किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य सेवा, सूचनामा पहुँच अभिवृद्धि गर्न किशोर किशोरीमैत्री स्वास्थ्य सेवा तथा विद्यालयमा सूचना केन्द्र स्थापनालाई प्राथमिकता दिइनेछ।

२६. स्वास्थ्य चौकी नभएका ४ वटा वडाहरुका सामुदायिक स्वास्थ्य इकाईहरुलाई आधारभूत स्वास्थ्य सेवा केन्द्रको रुपमा स्तरोन्नति गरी सबै वडामा वडास्तरीय सेवा केन्द्रमार्फत तोकिएका स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

२७. भूमे गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको सुधारका लागि कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण जोड कार्यक्रमलाई निरन्तरता दिइनेछ। अनुदानमा उन्नत बीउ, रैथाने बीउ, तरकारी किट बीऊ, कृषि औजार, यन्त्र तथा प्रविधिहरु उपलब्ध गराइनेछ। वास्तविक कृषक पहिचान र अनुदानका लागि कृषक दर्ता गरी कृषक परिचयपत्र उपलब्ध गराई सोही आधारमा मात्र अनुदान दिने व्यवस्था मिलाइनेछ।

२८. **"घर-घरमा करेसाबारीः कृषक रोजगारी"** को मूल नारा अनुरुप एक घर एक करेसाबारी कार्यक्रम मार्फत कृषि र पोषणलाई सँगसँगै जोड दिनुका साथै हरेक वडामा सामूहिक तरकारी खेती, फलफूल खेती सञ्चालन मार्फत केही रोजगारीका अवसरहरु सिर्जना गरिनेछ।

२९. भूमि बैंक स्थापना गरी बाँझो र पाखो जग्गाहरुलाई अधिकतम उपयोग गर्ने नीति बमोजिम युवाहरुलाई कृषि क्षेत्रमा आकर्षण गर्ने कार्यक्रम ल्याई स्वदेशी श्रम स्वदेशमै लगानी गर्ने वातावरण बनाइनेछ। प्राङ्गारिक मल निर्माणलाई व्यवस्थित र व्यवसायिकता विकास गरेर **अर्ग्यानिक उत्पादनः भूमेको पहिचान** भन्ने नारालाई सार्थकता दिइनेछ।

३०. आर्थिक तथा सामाजिक रुपले पछि परेका वर्ग केन्द्रित कृषक कार्यक्रम अन्तर्गत शत् प्रतिशत अनुदानको व्यवस्था गरिनुका साथै आफूले खाई बिक्री गर्ने अवस्थामा त्यस्ता कृषकहरुको कृषि उपज सम्बन्धित वडामार्फत खरिद गरिदिने व्यवस्था मिलाइनेछ। पशु तथा बाली बीमा कार्यक्रममा कृषकको पहुँच सुनिश्चितका लागि आवश्यक पहलकदमी बढाइनेछ।

३१. स्थानीय उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्न कोदो, फापर, कागुनो, चिनो, कालो धान जस्ता स्थानीय महत्वका लोपोन्मुख बालीहरु उत्पादन गरी आफूले उपभोगपछि बिक्री गरेमा कृषि उपज संकलन केन्द्रमार्फत खरिद गरी बजार मूल्यको ५०% थप प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाइनेछ।

३२. खाद्य सुरक्षा र खाद्य सम्प्रभूता सुनिश्चित गर्न खाद्य सम्प्रभूता सम्बन्धी कानून तर्जुमा गरी उत्पादक र उपभोक्ताको अधिकार सुरक्षित गरिनेछ। कृषि उपजलाई वस्तु तथा मुद्रा विनिमयको आधारमा खरिद गरी संकलन, भण्डारण, वितरण र बजारीकरण गर्न कृषि उपज संकलन तथा भण्डारण केन्द्रलाई सहकारीमार्फत सञ्चालनमा ल्याइनेछ।

३३. गरिबी निवारण कोषद्वारा प्रवर्द्धित घुम्ती कोषहरुलाई साना सहकारीमा परिणत गरी पूँजी परिचालन र सदुपयोगको व्यवस्था मिलाईनेछ।

३४. कृषितर्फ प्राविधिक जनशक्ति थप गरी "एक गाउँ एक प्राविधिक" कार्यक्रमलाई थप व्यवस्थित गरी प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याईनेछ। माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।

३५. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत राष्ट्रिय तथा स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको साना व्यवसायिक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गरिनेछ।

३६. कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा विकास गर्न तथा व्यवसायिक कृषि पेशामा आकर्षण गर्न उकृष्ट कृषक छनौट गरी वार्षिक रुपमा वडास्तर तथा पालिकास्तरमा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

३७. गाउँपालिकामा कृषकका अनुभव आदान प्रदान र छलफल चौतारीको रुपमा विकास गर्न गाउँपालिकास्तरीय अगुवा कृषक सञ्जाल गठन गरी कृषि सामाग्री र सूचनामूलक सामाग्रीहरुको व्यवस्था गरी कृषक अनुभव आदानप्रदान कार्यक्रम गरिनेछ।

३८. उत्पादन, आय आर्जन, बाली विकास, व्यवसायिकरण जस्ता विषयमा कृषक क्षमता अभिवृद्धिका लागि व्यवहारिक र उद्यमशीलता केन्द्रित तालिम, रेडियो शिक्षा कार्यक्रम, कृषक भ्रमण, स्थलगत अवलोकन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। इच्छुक अनुभवी कृषकहरुलाई आवश्यकतानुसार हरित स्वयंसेवकको रुपमा परिचालन गरिनेछ।

३९. कृषि क्षेत्रको क्षेत्रगत योजना तर्जुमा गरी सबै वडा र टोलका उत्पादनको पहिचान गरेर **वडामा कृषि पहिचान** कार्यक्रमको सुरुवात गरिनेछ। सबै वडाहरुमा नगदे बालीमा आधारित आलु, सिमी, भटमास, लसुन लगायत तरकारी खेती तथा कागती, केरा, ओखर, नास्पति लगायत अन्य फलफूल तथा जडिबुटी खेतीको प्रवर्द्धनका लागि उपयुक्त स्थानमा कृषि उप केन्द्र तथा बागवानी केन्द्रको स्थापना गरी कृषि पर्यटनमा जोड दिइनेछ। त्यसका लागि उत्पादन समूहहरुलाई निश्चित बिउ र बजारसम्म पुऱ्याउनका लागि ढुवानी अनुदानको व्यवस्था गरिनेछ। गाउँपालिका क्षेत्रभित्रका

जडिबुटीहरुको पहिचान गरी जडीबुटीमा आधारित उद्योग स्थापनाको लागि पहलकदमी अगाडि बढाइनेछ।

४०. मारिङ कृषि अनुसन्धान केन्द्रलाई नयाँ प्रजातिको विरुवा परीक्षण स्थल तथा कृषि अनुसन्धानका लागि प्रयोगशाला स्थापना र सामूहिक खेती प्रणालीको नमूनाको रुपमा विकास गरी कृषि उद्योग र कृषि पर्यटनको नमूनाको रुपमा विकास गरिनेछ। प्राकृतिक सौन्दर्य समेत भएकाले अनुसन्धानमूलक पर्यटन र उत्पादन प्रवर्द्धनका लागि उद्यम व्यवसाय समेत सञ्चालनमा ल्याइनेछ।

४१. फलफूल दशक अन्तर्गत हरेक वडाका टोल टोलमा स्थानीय हावापानी अनुकूल फलफूलका बोट विरुवा रोपन कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ। वृक्षारोपन कार्यक्रमबाट समेत रोजगारी प्रवर्द्धन गर्ने कार्यक्रम ल्याइनेछ।

४२. अण्डा, मासु र दूधमा आत्मनिर्भर हुन पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै सम्भावित क्षेत्रहरुमा नमूना भेडा फर्म, बाख्रा फर्म, कुखुरा फर्म, बंगुर फर्म, गाइ/भैंसी फर्म हरुलाई प्रोत्साहन गर्ने खालका नमूना कार्यक्रमहरु नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय सरकार र निकायहरुसँग समेतको सहकार्यमा सञ्चालन गरिनेछ। पशु स्वास्थ्य र नियमन, प्रजनन र प्रसार कार्यक्रमलाई नियमित रुपमा बढावा दिइनेछ।

४३. पशु नश्ल सुधार, उन्नत पशु व्यवसाय प्रवर्द्धन गर्नुका साथै नश्ल सुधारका लागि कृत्रिम प्रजनन केन्द्र स्थापना गरिनेछ। बङ्गुरको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गरिनेछ।

४४. कृषि फार्म दर्ता गरिएका २५ भन्दा धेरै भेडा बाख्रा पाल्ने कृषकहरुहरुलाई नश्ल सुधारका लागि अनुदान उपलब्ध गराइनेछ। भेडाबाख्राहरुलाई बाह्य परिजिवीबाट

बचाउन प्रत्येक वडामा डिपिङ ट्याङ्क निर्माण गरिनेछ। लागत साझेदारीमा गोठ सुधार तथा भेडा संरक्षण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

४५. व्यवसायिक पशुपालनका लागि भकारो सुधार, आहारको सुधार र कृषकको समय बचतका लागि प्रत्येक वडामा नेपियर घाँस स्रोत केन्द्र, गाउँ गाउँमा हिउँदे एवं वर्षे घाँसबाली र डाले घाँस किम्बुको कटिङ नर्सरी स्थापनाका साथै पोषणयुक्त पशु आहार निर्माण सम्बन्धि तालिम प्रदान गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

४६. स्थानीयस्तरमा उद्यमी सृजना गर्न इच्छुक उद्यमीहरुलाई प्रतिष्पर्धामार्फत छनौट गरी व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ। नयाँ लघु उद्यमीहरुको आवश्यकता र पहिचानका आधारमा सीप विकास तालिम प्रदान गरी सम्भाव्य उत्पादनका लागि प्रविधि हस्तान्तरण गरिनेछ।

४७. स्थानीय उद्योग क्षेत्रको प्रवर्द्धन गरी रोजगारी सृजना र स्वावलम्बनमा जोड दिइनेछ। जसका लागि बाह्य लगानी आकर्षण गर्न आवश्यक नीतिगत तथा प्रशासनिक योजना ल्याइनेछ। लक्षित वर्ग तथा समुदायमा रहेका परम्परागत कुटिर उद्योगहरुलाई समूहमा सञ्चालनमा लिई आधुनिकीकरण गर्ने प्रस्ताव गरेमा वडा कार्यालयको सिफारिशमा अनुदान दिने व्यवस्था मिलाइनेछ।

४८. पर्यटन क्षेत्रलाई तुलनात्मक लाभका क्षेत्र अन्तर्गत अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न पर्यटन क्षेत्रको क्षेत्रगत योजना तर्जुमा गरिनेछ। ग्रामीण पर्यटनलाई प्रवर्द्धन गर्न होमस्टे सञ्चालन सहजीकरण तथा प्रवर्द्धन कार्यक्रम ल्याइनेछ।

४९. प्राकृतिक, ऐतिहासिक र सांस्कृतिक तथा युद्ध पर्यटन प्रवर्द्धनको लागि भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचारप्रसारका साथै आवश्यक पूर्वाधार विकासमा जोड दिईनेछ। महत युद्ध स्मारिका, चुनबाङ जनयुद्ध संग्रहालय, क्याङ्सी जनवादी विद्यालय संग्रहालय, काँक्री आदिवासी जनजाति संग्रहालयको विस्तृत प्रतिवेदन तयार गरिनेछ।

५०. सहकारी क्षेत्रको क्षमता विकास र प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ। सहकारीको माध्ययमबाट उत्पादित वस्तु तथा सेवाहरुको प्रवर्द्धन र बजारीकरण गरिनेछ। त्यसका लागि वडा नं ९ चुनबाङस्थित गैरीगाउँ र वडा नं. २ स्थित खाबाङबगरमा निर्मित कृषि उपज संकलन केन्द्रलाई सञ्चालनमा ल्याइनेछ।

५१. गुरुयोजनालाई मूर्तरुप दिनका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइनेछ। गाउँपालिकाको आत्मनिर्भरता उन्मुखका लागि साझेदारी लगानी र राजश्व तथा कर प्रशासनलाई समेत प्रमुख आधारको रुपमा लिइनेछ। गाउँपालिकामा महत्वपूर्ण पूर्वाधार निर्माण तथा सामाजिक विकासका लागि स्रोत जुटाउन र प्रभावकारी कार्यान्वयन गर्नका लागि छुट्टै संस्थान स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

५२. सबै पेशा व्यवसायलाई करको दायरामा समेटिनेछ। पहिचान भएका राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजश्व र कर प्रशासन सम्बन्धी नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरी लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडा तथा कार्यालयलाई बजेट विनियोजनमा सूचकको रुपमा निरन्तरता आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

५३. कोभिड-१९ का कारण प्रभावित शिक्षण सिकाईलाई नयाँ वैकल्पिक विधिद्वारा परिपूर्ति गर्न वैकल्पिक माध्ययमबाट शिक्षण सामाग्री निर्माण गरी यो महामारीको प्रभाव नहटेसम्मका लागि वैकल्पिक शिक्षण कार्यक्रम अगाडि बढाइनेछ।

५४. शैक्षिक गुणस्तर कायम गर्न सामुदायिक विद्यालय तथा शिक्षक लक्षित दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने गरी भूमे गाउँपालिकाको शैक्षिक क्षेत्र विकास सोंचपत्र तर्जुमा गरी कार्यान्वयन गरिनेछ। विद्यालयको प्रशासकीय र व्यवस्थापकीय सुधारका लागि नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरी विद्यालय शिक्षा सुधार परियोजनालाई व्यवस्थित गरी कडाइका साथ कार्यान्वयन गरिनेछ।

५५. बालमैत्री र प्रविधिमैत्री शिक्षाका लागि नमूना विद्यालय निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ। माध्यामिक विद्यालयहरुमा गुणस्तर कायम गरी प्राविधिक कक्षाहरु संचालनका लागि आवश्यक पहल र व्यवस्था गरिनेछ।

५६. दृढ इच्छाशक्ति हुँदा हुँदै आर्थिक अभावका कारण पनि व्यवसायिक उच्च शिक्षा हासिल गर्ने अवसरबाट बञ्चिति व्यहोर्नुपरेका मेधावी विद्यार्थीहरुलाई उच्च प्राविधिक र व्यवसायिक शिक्षा हासिल गर्नका लागि शैक्षिक ऋणको व्यवस्था मिलाइनेछ।

५७. शिक्षक-विद्यार्थीहरुको क्षमता विकास तथा प्रस्फुटनमा टेवा पुऱ्याउने खालका अन्तरक्रिया, कार्यक्रम तथा तालिमहरुको आयोजनाका साथै शैक्षिक मेलाको आयोजना, नियमित प्र.अ. वैठक, अन्तरविद्यालय अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।

५८. सामुदायिक विद्यालयहरुमा आवश्यक दरबन्दी नभई आम जनतामा पर्न गएको भार, शिक्षक अपुग भएर आवश्यक न्यूनतम् पाठ्यघण्टा समेत नपुग्ने अवस्थालाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताका आधारमा स्वयंसेवा कार्यक्रमबाट स्वयंसेवक शिक्षक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५९. संघीय सरकार र प्रदेश सरकारसँगको आवश्यक पहल तथा समन्वय गरी सामुदायिक विद्यालयको गुणस्तर सुधार, शिक्षक कर्मचारीहरुको पेशागत दक्षतामा वृद्धि गर्न आवश्यक पूर्वाधार सहितको तालिम केन्द्र सञ्चालनमा ल्याई नविनतम प्रविधि तथा शिक्षण सिकाई सीप सम्बन्धि तालिम सञ्चालन गरिनेछ।

६०. नेपाल सरकारको विशेष अनुदानमा ३३ वटै विद्यालयमा गुणस्तरीय शिक्षा तथा सिकाई वातावरण निर्माणसँग सम्बन्धित नमूना बाल सिकाई केन्द्र, बाल पार्क, एक विद्यालय एक करेसाबारी निर्माण, विद्यालय सुशासन जस्ता शैक्षिक विकास कार्यक्रम सञ्चालन गरिने छ।

६१. निरन्तर शिक्षा, सबैका लागि शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै शैक्षिक क्षेत्रको गुणस्तरका लागि समयसापेक्ष गुणस्तर कायम गर्न सूचना तथा संचार प्रविधि (ICT) पूर्वाधारमा जोड दिइनेछ। सामुदायिक सिकाई केन्द्रलाई ICT पूर्वाधार सहितको शैक्षिक सूचना केन्द्रको रुपमा विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

६२. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक तथा सरसफाई सामाग्री वितरण, छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

६३. गुणस्तरीय विद्यालय, शिक्षक तथा सिकाइ केन्द्रहरुलाई प्रोत्साहन र पुरस्कारको व्यवस्थाका साथै गुणस्तरहीन संस्थाले निश्चित समयभित्र सुधार गर्न नसक्ने र न्यूनतम् विद्यालय संख्या नहुने विद्यालयलाई कक्षा घटुवा, अन्यमा समाहित गर्ने तथा अनुदानको कटौती गर्ने नीति अवलम्बन गरिनेछ।

६४. स्थानीयस्तरमा उपलब्ध सामाग्रीहरुको अधिकतम उपयोग गरी शिक्षण सिकाई सामाग्री निर्माण र स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी कार्यशाला सञ्चालन गरिनेछ। शहिद वासु स्मृति नमूना विद्यालयलाई नयाँ ढङ्गले नमूना विद्यालय सञ्चालन तथा संग्रहालय निर्माण योजना बनाइनेछ।

६५. विद्यार्थीहरुलाई बाल्यकालदेखि नै व्यवसायिक सीप विकास कार्यक्रम, विद्यालय उपस्थिति प्रोत्साहन पुरस्कार, उत्कृष्ट शिक्षक, उत्कृष्ट विद्यालय पुरस्कार कार्यक्रम ल्याइनेछ।

६६. राष्ट्रपति रनिङ शिल्डमा स्थानीय साझेदारी गरी खेलकूद प्रतियोगिताद्वारा बालबालिकाको शारीरिक तथा संवेगात्मक विकासमा टेवा पुऱ्याइनेछ।

**उपस्थित गाउँसभाका सदस्यज्यूहरु**

६७. प्रदेश सरकारसँगको प्रतिवद्धता बमोजिम **पालिकास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता योजना** तर्जुमाका लागि तथ्याङ्क संकलन कार्य अन्तिम चरणमा पुगेको छ। बन्दाबन्दीका कारण प्रभावित योजना तर्जुमा कार्य चालु आर्थिक वर्षमा सम्पन्न नभएमा आगामी आर्थिकवर्षको पहिलो चौमासिकभित्रै सम्पन्न गरी खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सोही योजना बमोजिम कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ।

६८. नमूना सरसफाइयुक्त गाउँपालिका निर्माण गर्ने प्रतिवद्धता अनुरुप भूमे गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्ययोजना सघन रुपमा कार्यान्वयन गरिनेछ। **सफा र हरियालीः समृद्ध भूमे** नारालाई सार्थक तुल्याउन प्लाष्टिकमुक्त टोल, भकारो सुधार, सुधारिएको चुल्हो, एक घर एक धारा, एक घर दश फलफूल विरुवा, एक घर एक शौचालय, भान्छा सरसफाई कार्यक्रमलाई जोड दिइनेछ।

६९. पूर्ण सरसफाईयुक्त वडा घोषणाका लागि सरसफाई कार्ययोजना कार्यान्वयनमा दण्ड र पुरस्कारको नीति कार्यान्वयनका साथै सरसफाई सम्बन्धी योजना तथा बजेट विनियोजनमा समेत प्राथमिकता दिइनेछ।

७०. नमूना गाउँ टोलहरुमा प्लाष्टिकमुक्त क्षेत्र घोषणा गर्नुका साथै सरसफाई सम्बन्धी नीति र आचारसंहिता पालना नगर्ने व्यक्ति, समूह, टोललाई कानून बमोजिम कारबाहीको दायरामा लिइनेछ। टोल विकास संस्था गठनलाई प्रवर्द्धन गरी टोलस्तरमा सरसफाई, जनचेतनामूलक कार्यक्रममा परिचालन गरिनेछ।

७१. स्थानीय भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचारप्रसारका लागि यूवा विकास केन्द्रमार्फत अभिलेखीकरण कार्य अगाडि बढाइनेछ। परम्परागत भाषा, कला संस्कृति संरक्षण तथा संवर्द्धनका लागि साँस्कृतिक प्रतियोगिता, सामाग्री खरिद तथा संरक्षण, आदिवासी जनजाति संग्रहालय सुदृढीकरण कार्य अगाडि बढाइनेछ।

७२. गाउँपालिकाको नीति निर्माण र विकास कार्यक्रममा युवा मष्तिष्कको सदुपयोग गर्ने उद्देश्यले युवा विकास केन्द्रको नीतिगत तथा संस्थागत व्यवस्था भएको छ। जुनसुकै

क्षेत्रले यूवा तथा खेलकूद लक्षित कार्यक्रमहरु यूवा विकास केन्द्रसँगको सहकार्यमा मात्र सञ्चालन गर्ने नीति ल्याइनेछ।

७३. नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञानसीप आदान प्रदान तथा हस्तान्तरणमा स्वयंसेवी यूवा शक्तिलाई अधिकतम परिचालन गरिनेछ। यूवा तथा खेलकूद विकासका लागि खेलकूद पूर्वाधार निर्माण, व्यवसायिक खेलकूद तालिम, खेल तथा खेलाडी आदानप्रदान कार्यक्रम ल्याइनेछ।

७४. यूवा सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार युवाहरुको रुचि अनुसार उद्यमशिलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न छोटो अवधिको तालिम तथा कामको आवद्धताको अवसर निर्माण गरिनेछ। युवा उद्यम कार्यक्रम, युवा क्लब गठन तथा नमूना युवा संसद अभ्यास कार्यक्रम, युवा प्रतिभा पहिचान र प्रोत्साहन कार्यक्रम, सामाजिक जागरण, रुपान्तरण र समृद्धिका लागि युवा परिचालन कार्यक्रम, युवा परामर्श कार्यक्रम जस्ता यूवा लक्षित कार्यक्रम कार्यान्वयन गरिनेछ।

७५. ज्ञान सीप भएर पनि बेरोजगार बस्नु परेका बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमले निर्दिष्ट गरे बमोजिम एक आर्थिक वर्षमा न्यूनतम् १०० दिन बराबरको रोजगारीमा सहभागी गराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा आयोजना सञ्चालन गरी कोही व्यक्ति पनि बेरोजगार नहुने अवस्थाको सृजना गरिनेछ।

७६. रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई स्थानीयस्तरमै उनीहरुको सीप र क्षमता अनुसारको रोजगारीको अवसर सृजना गर्न र वैदेशिक रोजगारमा जान चाहने व्यक्तिले थप जानकारी लिन **वैदेशिक रोजगार सञ्जाल गठन** गरी रोजगार सूचना केन्द्रको रुपमा समेत विकास गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

७७. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चित गर्दै लैंङ्गिक समता र समानता, सशक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ। लघुउद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ।

७८. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चितताका लागि बजेट तथा योजना तर्जुमामा प्रतिशत निर्धारण गरेर अनिवार्य लक्षित वर्ग योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्ता कार्यक्रम कार्यान्वयन गर्दा लक्षित वर्ग अधिकतम प्रत्यक्ष लाभान्वित हुने गरी कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

७९. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैंङ्गिक अल्पसंख्यक व्यक्तिहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी योजना तथा कार्यक्रम ल्याइनेछ। लैंगिक हिंसा तथा लिङ्गको आधारमा गरिने भेदभावलाई शून्यमा झारिनेछ। लैंगिक हिंसामा परेका व्यक्तिहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि लैंगिक हिंसा निवारण कोष स्थापना गरिनेछ।

८०. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गरिने छ ।

८१. समाजमा रहेका कुरीति, कुप्रथा, लैंगिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ। महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं पालिकास्तरीय महिला सञ्जाल स्थापना गरिनेछ।

८२. पालिकास्तरमा ज्येष्ठ नागरिक मञ्च, अपाङ्ग संरक्षणण समिति, बाल सञ्जाल, महिला सञ्जाल, उपेक्षित उत्पीडित वर्ग उत्थान सञ्जाल गठन गरी उनीहरुको व्यक्तित्व विकास, नेतृत्व विकास र क्षमता विकास जस्ता कार्यक्रमहरु ल्याइनेछ।

८३. गरिबीको रेखामूनि रहेका जनसंख्या, गरिबीको गहनता, विषमता अध्ययन र विश्लेषण गरी आवश्यक कदम चाल्न सम्बन्धित विषयगत निकायसँगको परामर्शमा आवश्यक कार्ययोजना बनाई लागू गरिनेछ।

८४. कमजोर आर्थिक अवस्था भएका व्यक्ति, जनयुद्धका घाइते, अपाङ्ग र शहिद परिवारहरुलाई आवश्यक सहायताका लागि एउटा छुट्टै कोष खडा गरिनेछ। सेवा प्रवाहका क्रममा अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई प्रमाणपत्रका आधारमा सेवा शुल्क वापतको कुनै पनि रकम नलिने विगतको नीतिलाई निरन्तरता दिइनेछ।

८५. उत्पीडित, उपेक्षित दलित समुदायको सशक्तिकरण र क्षमता विकासको लागि विशेष कार्यक्रम बनाई सरकारी तथा गैरसरकारी कार्यालयहरुसँगको साझेदारीमा दलित समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका पेशाहरुलाई व्यवसायीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ। सामाजिक रुपमा बहिष्करण र बञ्चितिकरणमा परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक संरक्षण तथा सुरक्षाको कार्यक्रम ल्याइनेछ।

८६. अन्तर जिल्ला, अन्तर गाउँपालिका, अन्तर वडा र अन्तर गाउँटोलसम्म सडक सञ्जालको सुनिश्चत गरी चालु आर्थिक वर्षमा अधिकांश गाउँहरु ग्रामीण सडक सञ्जालले जोडिएका छन्। सडक नपुगेका ठाउँहरुमा नयाँ ट्र्याक खोल्ने र ट्र्याक खोलिएका

सडकहरुमा स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। सडक यातायातलाई बाह्रै महिना निरन्तर सुचारु गर्न आवश्यक व्यवस्था र पहल गरिनेछ।

८७. भौतिक पूर्वाधार निर्माणका लागि अनुमानयोग्य र प्रभावकारी योजनाका लागि पूर्वाधार विकास गुरुयोजना, वस्ती विकास योजना, विस्तृत अध्ययन प्रतिवेदनलाई जोड दिइनेछ। निर्माणमा न्यूनतम् गुणस्तर मापन गर्न ल्याब स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

८८. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ सम्पन्न हुन बाँकी झोलुङ्गे तथा ट्रस पुलहरु सम्पन्न गर्ने र नयाँ स्थानहरुमा झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाई खोलानालाको कारण जनधनको क्षति न्यूनिकरण र आवतवाजत सहजीकरण गरिनेछ।

८९. गाउँपालिकाभित्र सिंचाईका सम्भावना भएका क्षेत्रहरु पहिचान गरी पोखरी सिंचाई, स्प्रिङ्कल सिंचाई, सिंचाई आयोजना मार्फत सिंचाई सुविधा बढाई उत्पादन वृद्धिमा जोड दिइनेछ।

९०. सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण वस्तीलाई व्यवस्थित बसोबासयुक्त गतिशिल शहरमा रुपान्तरण गरिनेछ। शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा तर्जुमा गरी भवन निर्माण नक्सा पूर्वस्वीकृति कडाइका साथ कार्यान्वयन गरिनेछ।

९१. एकीकृत, व्यवस्थित, वैज्ञानिक, सुरक्षित र हरित गाउँ शहर निर्माणको लागि कार्ययोजना बमोजिम हरित गाउँ निर्माण कार्यलाई निरन्तरता र विस्तार गरिनेछ।

**उपस्थित गाउँसभा सदस्यज्यूहरु,**

९२. राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रममार्फत निर्मित तथा निर्माणाधीन लघु तथा साना जलविद्युत आयोजनाहरुलाई मर्मत सम्भार र व्यवस्थित गरिनेछ। विद्युतको पहुँच नपुगेका घरपरिवारलाई वैकल्पिक उर्जामार्फत **सबै घरमा उज्यालो** सुविधा पुऱ्याइनेछ।

९३. सम्भाव्यता अध्ययन भैसकेका जलविद्युत आयोजनाहरुमध्ये थबाङखोला जलविद्युत आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी आर्थिक वर्ष २०७७।०७८ भित्रै निर्माण कार्य सुरु गरिनेछ। उक्त आयोजनालाई सार्वजनिक निजी साझेदारी अवधारणामार्फत कार्यान्वयन सम्बन्धी नीतिगत व्यवस्था गरी आम नागरिकले लगानी र प्रतिफल प्राप्त गर्ने अवसर सृजनामा जोड दिइनेछ।

९४. गाउँपालिका क्षेत्रभित्र सबैले सूचना तथा संचारको सहज पहुँच स्थापना गर्न सार्वजनिक संस्थान तथा निजी क्षेत्रको आगमनलाई प्रवर्द्धन, आपसी समन्वय र साझेदारी गरिनेछ।

९५. वन र आयआर्जनलाई अन्तरसम्बन्धित गर्ने खालका हरियो बार, वनस्पति बार, कृषि वन, निजी वन जस्ता कार्यक्रम ल्याइनेछ। नर्सरी निर्माण, डाले घाँस विस्तार, एक घर दश फलफूल विस्तार जस्ता कार्यक्रमबाट वन तथा बुट्यान क्षेत्रको वृद्धिमा टेवा पुऱ्याइनेछ।

९६. भौतिक पूर्वाधार निर्माणका कारण क्षतिपूर्तिस्वरुप सार्वजनिक पर्ती जग्गा, झाडी बुट्यान र वन नभएका क्षेत्रमा उपयोगी वृक्ष रोप्ने नीति ल्याइनेछ। जीवनका महत्वपूर्ण

क्षणका अवसरमा बहुउपयोगी वृक्षारोपन गर्ने **जीवन र वन कार्यक्रम** गाउँ गाउँमा प्रवर्द्धन गरिनेछ।

९७. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधारमा जोड दिएर जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायु अनुकूलन मार्फत पर्यापर्यटनको प्रवर्द्धनका लागि कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ। वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धिमा टेवा पुऱ्याइनेछ। सामुदायिक वन विकास कार्यक्रम, निजी वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले संचालन गर्न सम्बन्धित सरकारी तथा गैरसरकारी कार्यालयहरुसँग समन्वय गरिनेछ।

९८. ढल निकास तथा मुहान संरक्षणको लागि आवश्यक व्यवस्था मिलाईनेछ। फोहोर व्यवस्थापनका लागि घरघरमा कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी संकलन गर्ने कार्य कडाइका साथ कार्यान्वयन गरिनेछ। सार्वजनिक स्थल र विद्यालयहरुमा शौचालय निर्माण र फोहर व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको निःशुल्क व्यवस्था गरिनेछ।

९९. आफूले गरेको फोहरको व्यवस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लाथि थप शुल्क व्यहोर्नुपर्ने नीति अवलम्बन्ध गरिनेछ। स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल व्यवस्थापनमा विशेष ध्यान दिईनेछ। घना वस्तीहरुको ढल व्यवस्थापन सम्बन्धी आयोजना सञ्चालन गरिनेछ।

१००. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु अनुकूलन योजना मार्फत कुनै पनि प्राकृतिक तथा मानवीय कारणबाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न, विपद् व्यवस्थापन क्षमतालाई अभिवृद्धि गर्नुका साथै पूर्व सूचना प्रणाली विकास तथा

स्थापनामा जोड दिइनेछ। विपद् व्यवस्थापनका लागि वडास्तर र पालिकास्तरमा सञ्चालन हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०१. हरेक निर्माण तथा पूर्वाधार विकासमा विपद् जोखिम आँकलन गरेर प्रकोप न्यूनिकरणका माध्ययमबाट कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था मिलाइनेछ।

१०२. हालसम्म जनशक्तिको अभावका वाबजुद पनि सन्तोषजनक कार्यसम्पादन भइआएकोमा हाल दरबन्दी बमोजिम लोकसेवा आयोगबाट केही पद पूर्ति भएको छ र केही पद पूर्ति हुन बाँकी रहेका छन्। उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ आफ्नो योग्यता र क्षमता भरपूर सदुपयोग गर्ने र क्षमता विकास गर्ने वातावरण मिलाइनेछ। कार्यालय र जनशक्तिलाई साधन र स्रोतले सुसज्जित गराई गुणस्तरीय सेवा प्रवाहमा जोड दिइने छ।

१०३. गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमता र जवाफदेहिता बढाउन ठोस कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। जनप्रतिनिधिहरु र कर्मचारीको क्षमता अभिवृद्धि गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुका साथै संगठन, जनप्रतिनिधि र कर्मचारीको व्यवसायिकताका लागि प्रोत्साहन, प्रवर्द्धन र पुरस्कारका साथै तालिमको पनि व्यवस्था गरिनेछ।

१०४. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, भ्रमण कार्यक्रमहरु ल्याइनेछ। बजेट विनियोजन तथा योजना छनौटको दक्षता र खर्च गर्ने क्षमता अभिवृद्धि गरिनेछ। सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउँदै लगिनेछ।

१०५. संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि दिगो आर्थिक वृद्धि हासिल गरी आर्थिक विकास र समृद्धिको चाहनालाई सार्थक तुल्याउन वडा, टोल र बस्तीस्तरबाट प्राथमिकताका साथ छनौट भएका तथा गाउँपालिकाले समेत उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्न खोजेका कृषि, शिक्षा, स्वास्थ्य, ग्रामीण सडक, ऊर्जा, लघु तथा साना जलविद्युत, सूचना तथा संचार प्रविधिसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन क्षमता बढाउनुका साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्था गरिनेछ।

१०६. स्थानीय तहको न्यायिक निरुपण र मेलमिलाप प्रवर्द्धन गर्न, पीडितलाई न्याय दिलाई सामाजिक मेलमिलाप कायम गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको सुदृढीकरणमा जोड दिइनेछ।

**उपस्थित गाउँसभा सदस्यज्यूहरु,**

१०७. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ। जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाई भ्रष्टाचारमुक्त र सुशासनयुक्त बनाइनेछ।

१०८. वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना बमोजिम सार्वजनिक खरिद प्रणालीलाई चुस्त दुरुस्त र सुशासनयुक्त बनाइनेछ। वित्तीय सुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप मजबुद बनाइनेछ। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाइनेछ ।

१०९. वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धि कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ। सबै कार्यालयहरुमा सहायताकक्ष स्थापना गरिनेछ।

११०. गाउँपालिकाको डिजिटल प्रोफाइललाई अद्यावधिक गरिनेछ। गाउँपालिकाका लागि चाहिने महत्वपूर्ण तथ्याङ्कको भण्डारणका लागि गाउँपालिकाको आफ्नै सर्भर स्थापना गरी डिजिटल कन्टेन्ट चाहिएको बेला पाइने अवस्थामा भण्डारण र सुरक्षणको व्यवस्था मिलाइनेछ। गाउँपालिकाका सबै प्रकारका आधारभूत सूचनाहरु सूचना तथा अभिलेख केन्द्रमा उपलब्ध हुने र सामाग्रीहरु सूचना केन्द्रमा अध्ययन गर्न सकिने व्यवस्था मिलाइनेछ।

१११. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सेवा प्रवाहको पूर्वाधार तय गरी डिजिटल गाउँपालिकामा रुपान्तरण योजना अगाडि बढाइनेछ। सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरी विज्ञान-प्रविधि, अध्ययन-अनुसन्धान तथा विकास, सीप तथा सीपमूलक तालिमको नियमन, डिजिटल साक्षरताका साथै मिडिया साक्षरता कार्यक्रम तथा डिजिटल अभिलेखीकरण कार्यक्रममार्फत विद्युतीय सरकारको अवधारणामा टेवा पुऱ्याइनेछ।

११२. विद्यालयहरुमा अडियो भिडियो, सूचना तथा सञ्चार प्रविधिमा आधारित पस्तकालय तथा कक्षा निर्माणमा जोड दिइनेछ। एजुकेशन पोर्टल निर्माण गरी आफ्नै डिजिटल कन्टेन्ट निर्माण तथा प्रकाशन गरिनेछ।

११३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत वडा कार्यालयहरुमा कम्प्यूटर, प्रिन्टरको व्यवस्था गरी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई सूचना प्रणालीमा आवद्ध गरिनेछ।

११४. मासिक तथा साप्ताहिक बुलेटिन प्रकाशन, रेडियो कार्यक्रममार्फत आम नागरिकको सूचनाको हकलाई प्रवर्द्धन गरिनेछ। स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि र पद्धति बमोजिम कार्यान्वयनमा ल्याईनेछ।

११५. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम संचालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना वा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ। ती निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक विकास कार्यक्रममा आवद्ध हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

अन्त्यमा, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधानमा भएको व्यवस्था बमोजिम स्थानीय तहको सरकारको हैसियतले व्यवस्थापकीय, कार्यपालिकीय तथा न्यायिक अधिकार कार्यान्वयनको अभ्यास गर्दै चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम सफल पार्न सहयोग पुऱ्याएर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने सुअवसर प्रदान गर्नुभएकोमा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। धन्यवाद !

**रामसुर बुढा मगर**
**गाउँपालिका अध्यक्ष**